कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# इष्टर्न हाइड्रोपावर लिमिटेड
# Eastern Hydropower Limited

ललितपुर महानगरपालिका १०, ललितपुर, बागमती
फोन नं.: ९७७-०१-५५५०९३४
वेबसाइट: www.ehpl.com.np, इमेल: pikhuwakhola5@gmail.com

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

इष्टर्न हाइड्रोपावर लिमिटेडको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ६,२०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाका सम्पूर्ण स्थानीय बासिन्दाका लागि मिति २०७९ भाद्र ०७ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०७९ भाद्र २८ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ भाद्र २८ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या: १,००,००० कित्ता |
|---|---|

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण:**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ आषाढ मसान्त | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.६६ | ७७.८२ | ७२.३३ | ७२.४९ | ८१.४५ | ८८.७१ | ९७.१३ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | (३४,११४) | (१०३,१३७) | (१३७,२२८) | (१३६,४६३) | (११४,९९०) | (६९,९९५) | (१७,७९१) |
| नेटवर्थमा प्रतिफल (%) | (३.८०%) | (१९.०७%) | (९.५०%) | ०.२१% | ४.२५% | ८.१८% | ८.६७% |
| प्रति शेयर आम्दानी (रु.) | (३.५२) | (१४.८४) | (६.८७) | ०.१५ | ३.४६ | ७.२६ | ८.४२ |
| कोष तथा जगेडा (रु. हजारमा) | (३४,११४) | (१०३,१३७) | (१३७,२२८) | (१३६,४६३) | (११४,९९०) | (६९,९९५) | (१७,७९१) |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:**

संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रु.२६,११,७४,६९८।८० र आयोजनाको कुल लागत रु.१,३०,५८,७३,४९४ रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:**

अनुमतिपत्र बहाल रहने अवधि मिति २०६७/१२/०७ देखि २१०२/१२/०६ सम्म रहेकोले २३ वर्ष बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण:**

साधारण लगानी फिर्ता अवधि ९.०७ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि १८.११ वर्ष रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

यस इष्टर्न हाइड्रोपावर लिमिटेडलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले मिति २०७८/०८/२२ मा "CARE-NP B+(Is) निष्काशनकर्ता रेटिङ्ग" को प्रमाणपत्र प्रदान गरेको छ । CARE-NP B+(Is) ले समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा उच्च जोखिम रहेको जनाउँदछ (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal) । केयर रेटिङ्गस् नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (Is) ले सकारात्मक आधार जनाउँदछ भने CARE-NP D (Is) ले नकारात्मक आधारहरु जनाउँदछ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्षसम्म अर्थात् २०७९/०८/२१ गतेसम्म कायम रहेको छ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) मा उल्लेख गरिएको छ ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**नोट: स्थानीय बासिन्दाहरुको लागि बिक्री वितरण गरिएको शेयरहरु सर्बसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NMB CAPITAL LIMITED

## एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४४३७९६३
इमेल: info@nmbcl.com.np | वेबसाइट: www.nmbcl.com.np